# घ  वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

साकेला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ

साकेला गाउँकार्यपालिकाको बैठकबाट मिति: २०७५/८/२४ मा पारित **" 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५"** नियमानुसार स्वीकृत गर्दछु ।

मिति: २०७५/०८/२८

अर्जुनकुमार खडका

अध्यक्ष

**अध्यक्ष**

# घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

साकेला गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७५।०८।२४

प्रस्तावनाः
स्थानीय स्तरका विकास निर्माणमा नीजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विषेशताहरुलाई अक्षुण राखि सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्य हासिल गर्न सार्वजनिक निर्माणमा नीजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ को ५ (१०) ले दिएको अधिकार प्रयोग गरी साकेला गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१ इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः**
प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी घ वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**२ नयाँ इजाजत सम्बन्धी व्यवस्थाः**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस साकेला गाउँकार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईञ्जिनियर/सब ईञ्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गाउँकार्यपालिकाको बैठकमा पेश हुन आएका निर्माण व्यवसायी फर्म/कम्पनीहरु मध्ये न्यूनतम योग्यता पुगेका फर्म, कम्पनीलाई गाउँकार्यपालिकाले निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्न योग्य ठहर्याई इजाजतपत्र प्रदान गर्ने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम गाउँकार्यपालिकाले निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरे पछि उक्त निर्माण व्यवसायीलाई गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -२ बमोजिमको दस्तुर लिई अनुसूची -३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**३ इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (४) बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्वन्धित गाउँ कार्यपालिकाबाट अनुसूची -२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजतपत्र नवीकरण गर्न गाउँ कार्यपालिकामा कागजात पेश गर्दा अनुसूची -४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अध्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची -४ बमोजिमको पास बुक विवरण अध्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न गाउँ कार्यपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

**४ इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा गाउँ कार्यपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्वन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लङ्घन भएको सम्वन्धित निकायबाट लेखि आएमा,

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा (३) को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको इजाजतपत्र खारेज भएकोमा गाउँ कार्यपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

**५ इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची -२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**६ प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**७ बचाउः**

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूची -१**

**कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्वन्धित**
**इजाजतपत्रको लागि दिईने दरखास्त**

| दरखास्त वालाको फोटो |
|---|

श्री साकेला गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ ।

विषयः इजाजतपत्र पाउ भन्ने वारे ।

यस साकेला गाउँ कार्यपालिकाको कार्यालयको कार्यविधि २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पश गरिएको छ ।

१ दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः-

नामः-

ठेगानाः-

पोष्ट बक्सः-

टेलिफोन नं.  फ्याक्स नं.  ईमेलः

२ फर्म वा कप्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी

☐ एकलौटी

☐ पव्लिक लिमिटेड कम्पनी

☐ साझेदारी

(कोष्टमा रेखा लगाउनु पर्नेछ ।)

३ कम्पनीको लागि फर्म वा कम्पनीको आधिकारिक ब्यक्तिः-

नाम थरः-

ठेगानाः-

पोष्ट वक्स नं.

टेलिफोन नं.  फ्याक्स नं.  ईमेलः

४ फर्म वा कम्पनीको विवरणः-

दर्ता नं.  दर्ता मितिः-

अधिकृत पूँजीः-  जारी पूँजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः- साकेला गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ, खोटाङ ।

५ इजाजतपत्र लिन चाहेको वर्गः- घ वर्ग

६ समूहीकरण हुन चाहेको समूहः-

७ आर्थिक श्रोतको विवरणः-

| खाताको विवरण | रकम | वित्तीय संस्था/बैंकको नाम | कैफियत |
|---|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | | |
| मुद्दती खाता | | | |
| चल्ती खाता | | | |
| बचत खाता | | | |

| | | | |
|---|---|---|---|
| | | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८ कामदारको विवरणः-**

क) प्राविधिकः-

ख) अप्राविधिकः-

ग) अन्यः-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

**९ आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन मेशिनरी औजारको विवरणः-**

| क्र.सं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईञ्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१० यस अघि सम्पन्न गरेको कामको विवरणः-**

| क्र.सं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११ कर चुक्ता गरेको कामको विवरणः-**

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्त वालाकोः-

दस्तखतः-

मितिः-

द्रष्टव्यः यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ । र कार्यालयले माग गरेको वखत सक्कलै काजगान पेश गर्नु पर्नेछ ।

## अनुसूची -२

**कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्वन्धित**

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०००।०० | रु. १०००।०० | रु. २०००।०० | रु. ५००।०० |
| | | | | | |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र इजाजतपत्र नवीकरण गराउदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित खस्तुर मात्र तिर्नु पर्नेछ ।

**अनुसूची - ३**
**कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

<u>इजाजतपत्र</u>

इजाजतपत्र नं. :                                                  मितिः

साकेला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ ।

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ...................................................................... स्थित कार्यालय भएको ............................................................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

घ वर्ग

यस वृत्तभित्र घ वर्ग लेख्नु पर्नेछ ।

इजाजतपत्र दिनेकोः-
दस्तखतः-
नामः-
पदः-
मितिः-
कार्यालयः-

नविवरणः

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-४

## निर्माण व्यवसायीबाट भएको सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगित विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकमः | क) नामः | क) थप समयः | क) Variation पछिको C0ntract amount | क) सम्पन्न रकमः | क) अन्तिम ठेक्का रकमः | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | ख) नामः | ख) Variation गर्ने पदाधिकारी को नामः | ख) सम्पन्न मितिः | ख) सम्पन्न मितिः | |
| | | | | | ग) ठेक्का अवधिः | ग) हस्ताक्षरः | ग) पदः | ग) पदः | ग) सम्पन्न % | | |
| | | | | | घ) छाप | घ) हस्ताक्षरः | घ) हस्ताक्षरः | घ) नामः | घ) नामः | | |
| | | | | | ङ) निर्णय मितिः | छापः | पदः | पदः | | | |
| | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | | | |
| | | | | | | | छाप | छाप | | | |
| | | | | | | | | | | | |

## अनुसूची-५
## घ वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैंयाको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरणः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईञ्जिनियरीङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

3. मेशिन र उपकरणः

क) ट्रिपर/ट्याक्टर (एक/एक थान)

ख) मिक्सर (एक थान)

ग) Theodolite/Level Machine (एक सेट)

घ) वाटर पम्प (तीन थान)

ङ) भाईब्रेटर (तीन थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र साथै बिमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईञ्जिनियरीङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईञ्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईञ्जिनियरले प्रमाणित गरेकव हुनु पर्नेछ ।

3. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ हुने प्रयोजनको लागि मान्य हुने छैन ।

साकेला गाउँ कार्यपालिकाको मिति २०७९।०९।२६ गतेको बैठकद्वारा संशोधित

## दोस्रो संशोधन

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची २ मा "घ" वर्गको नयाँ इजाजतपत्र पाउनको लागि इजाजतपत्र दस्तुर रु. १०००।- (अक्षेरेपी एक हजारमात्र) तोकिएकोमा सो रकमलाई संशोधन गरी रु. १००००।- (अक्षेरेपी दश हजारमात्र) कायम गरिएको ।

रवि प्रकाश राई
पालिका अध्यक्ष

साकेला गाउँ कार्यपालिकाको मिति २०७७।०८।२५ गतेको बैठकद्वारा स्वीकृत

# संशोधन

द्रष्टव्यः

५. द्रष्टव्यको वुँदा नं. १ मा जुनसुकै कुरा लेखिएको भएता पनि ट्रिपर/ट्रयाक्टरको हकमा भने कम्तिमा २ (दुई) वर्षको लागि भाडामा लिएको सम्झौतापत्र र उक्त गाडीको सक्कल तथा प्रतिलिपि ब्लु बुक पेश गर्नु पर्नेछ

दफा ४ (क) थप

इजाजतपत्रको ठाउँसारी तथा नामसारी अन्यात्त्र दर्ता भएका फर्म/कम्पनीले यस गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार ठाउँसारी/नामसारीको लागि निवेदन पेश गरेमा सक्कलै कागतपत्र हस्तान्तरण लिई उक्त फर्म/कम्पनीलाई यस गाउँपालिकामा ठाउँसारी/नामसारी गर्न सकिनेछ । त्यस्तै गरी यस गाउँपालिकामा हस्तान्तरण भई आएका वा दर्ता भएका फर्म/कम्पनीबाट अन्यात्त्र ठाउँसारी/नामसारी गरिपाउँ भनी निवेदन पेश हुन आएमा सम्बन्धित निकायहरुबाट प्रकृया पूरा भई आएको कागतपत्रहरु भएमा सो को आधारमा ठाउँसारी/नामसारी गरिदिन सकिनेछ ।

अर्जुन कुमार खड्का
गाउँपालिका अध्यक्ष